# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ३ २०८२ असार ३२

## भाग-१

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको
ऐन सर्वसाधारणको जानकारीको लागि
प्रकाशन गरिएको छ ।

# छायाँनाथ रारा नगरपालिका आर्थिक ऐन, २०८२

# आर्थिक ऐन, २०८२

**<u>प्रमाणित मिति</u>**

२०८२/०३/३१

**<u>प्रकाशित मिति</u>**

२०८२/०३/३२

सम्वत २०८२ सालको ऐन नं. १

**<u>आर्थिक कारोबार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: छायाँनाथ रारा नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) अनुसार छायाँनाथ रारा नगरपालिकाको १७ औं नगर सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम **"छायाँनाथ रारा नगरपालिकाको आर्थिक ऐन, २०८२"** रहेकोछ।

(२) यो ऐन संवत् २०८२ साल श्रावण १ गतेदेखि छायाँनाथ रारा नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. **<u>सम्पत्ति कर</u>** : छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र रहेका घर, टहरा, तथा भवनहरु र सो संरचनाले चर्चेको जग्गामा अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ। घर वा भौतिक संरचनाको मूल्याङ्कन अनुसूची-२ अनुसार, घर वा भौतिक संरचनाको बनौटको आधारमा ह्रास कट्टी अनुसूची-३ अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची-४ अनुसार गरिनेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "घर वा भौतिक संरचनाले चर्चेको जग्गा" भन्नाले घर वा भौतिक संरचनाले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्म सम्झनु पर्छ।

३. **<u>भूमि कर (मालपोत)</u>** : छायाँनाथ रारा नगरपालिका क्षेत्र भित्र सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची-५ बमोजिम भूमिकर लगाई असुल उपर गरिनेछ।

४. **<u>घर जग्गा बहाल कर</u>** : (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लगाइने घर जग्गा बहाल करको दर अनुसूची-६ मा उल्लेख भएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लगाइने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर असूल गर्न सक्नेछ।

५. **व्यवसाय कर** : (१) नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम ब्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसाय नवीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लिइने व्यवसाय करको दर अनुसूची-७ मा तोकिए बमोजिम हुनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : (१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-८ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

***स्पष्टीकरण :*** यस दफाको प्रयोजनको लागि कारोवार भन्नाले विक्रेताले जारी गरेको विल वा वीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ र नगरपालिकाले कर लगाउँदा कारोवार रकमको निश्चित प्रतिशतका दरले लगाउनेछ।

(२) उपदफा (१) बमोजिमका वस्तुको ब्यवसायिक कारोवार गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ।

७. **सवारी साधन कर** : (१) नगरपालिका क्षेत्र भित्रका सवारी साधनमा प्रदेशले सवारी साधन कर लगाउने र उठाउनेछ।

तर टाँगा तथा रिक्सा (विद्युतीय रिक्सा समेत) मा नगरपालिकाले सवारी साधन कर लगाउने र असुल उपर गर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले असूल उपर गर्ने सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसुची-९ बमोजिम हुनेछ।

(३) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित सङ्घीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण गरेका सडकहरुको मर्मतका लागि उक्त सडकमा सञ्चालन हुने सवारी साधनहरुमा अनुसूची-१० बमोजिम मर्मत सम्भार शुल्क लगाउन र असूल उपर गर्न सक्नेछ।

८. **विज्ञापन कर** : (१) नगरपालिका क्षेत्र भित्र विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिइने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची-११ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित सङ्घीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँट गरिनेछ।

९. **मनोरञ्जन कर** : (१) नगरपालिका क्षेत्रभित्रको चललित्रघर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर वा नाटक घर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाइट क्लव जस्ता मनोरञ्जन स्थलमा नगरपालिकाले अनुसूची-१२ बमोजिमको मनोरञ्जन कर लगाउने र असुल उपर गर्नेछ।

(२) अनुसूची-१२ मा उल्लिखित करदाताले बुझाउनु पर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिन भित्र नगरपालिकामा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र मनोरञ्जन कर नबुझाउने करदातालाई नगरपालिकाले सो अवधि नाघेको तीन महिना सम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधि भित्र पनि मनोरञ्जन कर नबुझाएमा बुझाउनु पर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असूल उपर गर्नेछ।

(४) उपदफा (१) बमोजिम संकलित करको रकम प्रचलित सङ्घीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेश सँग बाँडफाँट गरिनेछ।

१०. **बहाल बिटौरी शुल्क** : (१) नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची-१३ बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा राखेका पसल,

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवम् कारोवारको आधारमा तोकेको

न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिंदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ्ग शुल्क** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची-१४ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ।

तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ।

१२. **सेवा शुल्क, दस्तुर** : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, न्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग, जिपलाइन लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने र असूल उपर गर्नेछ।

तर, सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरी लगाइनेछ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

(क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्त्विक स्थल एवम् धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

तर, ऐतिहासिक स्थल, पुरातात्त्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" बर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण तथा नियमन आदि सेवामा सेवा शुल्क दस्तुर निर्धारण गर्ने र उठाउनेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) विविध शुल्क अनुसूची-१७ बमोजिम हुनेछ।

१३. **विक्री तथा निकासी शुल्क** : (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरुमा बिक्री शुल्क लगाउन र असूल उपर गर्न सक्नेछ।

(२) नगरपालिकाले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्नुपर्नेछ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई आफ्नो सिमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खनिजजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर **अनुसूची-१६** मा तोकिए बमोजिम हुनेछ।

(५) नगर कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ।

(६) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा विक्री गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (३) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ।

१४. **घरजगगा रजिष्ट्रेशन शुल्क** : (१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाइनेछ।

(२) उपदफा (१) बमोजिम उठेको रकम सङ्घीय र प्रदेश कानून बमोजिम बाँडफाँट गरिनेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाइनेछ।

१५. **दण्ड जरिवाना** : (१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानूनमा तोकिए बमोजिम हुनेछ।

१६. **कर छुट** : (१) सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने सङ्घ संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने सङ्घ संस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आङ्गिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाआश्रम जस्ता सामाजिक सङ्घसंस्था सम्झनु पर्दछ।

(२) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ।

(३) कानूनमा ब्यवस्था भएको अवस्थामा वाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन।

तर, स्थानीय आर्थिक क्रियाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यबसायमा निश्चित अवधिसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ। यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन।

(३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैंतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्नेछ।

१८. **ठेक्का आह्वान गर्न सक्ने** : (१) यस ऐन बमोजिम सङ्कलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी सङ्कलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिँदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनु भन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(४) नगरपालिकाले कर सङ्कलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन।

तर, जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर सङ्कलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा सभाको निर्णय गराई ठेक्कामा सङ्कलन गर्न सकिनेछ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता प्रक्रियाहरु प्रचलित कानूनलाई आधार मानी गरिनेछ।

१९. **सहयोग गर्नुपर्ने** :सङ्घीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ।

२०. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने** : नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२१. **कार्यविधि बनाउन सक्ने**: यस ऐनको उद्देश्य पूरा गर्नको लागि आवश्यक व्यवस्था गर्नको लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका तयार गरी लागू गर्न सक्नेछ।

२२. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२३. **पुरस्कृत गर्न सक्ने** : (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर समयमा दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना

उपलब्ध गराउने तथा वर्षमा सबै भन्दा बढी कर तिर्ने करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धित करदाताले तिरेको करको १० प्रतिशतले हुन आउने रकम बराबरको हुने छ। साथै समान कर तिर्नेको हकमा प्राथमिकताको आधारमा पहिले कर तिर्नेलाई पुरस्कार प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने पुरस्कर सम्बन्धी अन्य व्यवस्था छायाँनाथ रारा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **कर्मचारीलाई प्रोत्साहन गर्ने** : (१) छायाँनाथ रारा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरुको नयाँ दर्ता तथा नवीकरण गर्न तथा घर वा जग्गा बहाल कर सङ्कलन गर्नको लागि घरदैलो कार्यक्रम गर्दा खटिने कर्मचारीलाई उक्त कार्यक्रमबाट सङ्कलन भएको राजस्वको १० प्रतिशत बराबरको रकम प्रोत्साहन स्वरुप प्रदान गरिने छ।

(२) उपदफा (१) बमोजिम दिइने प्रोत्साहन सम्बन्धी अन्य व्यवस्था छायाँनाथ रारा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **किस्तामा कर बुझाउन सक्ने** : (१) आर्थिक वर्ष २०८२/८३ को घर बहाल कर र व्यवसाय कर बुझाउने करदाताले अधिकतम चार किस्तामा दामासाही रुपमा कर बुझाउन सक्नेछ।

२६. **सम्पत्तिकर, भूमिकर, बहालकर, व्यवसायकर, सवारीसाधन कर, नक्सापास दस्तुर लगायतका कर बुझाउने सम्बन्धी विशेष व्यवस्था** : (१) नगरपालिका स्थापना भएदेखि वा सो भन्दा अगाडि देखि हालसम्मको सम्पत्तिकर, भूमिकर, व्यवसाय कर लगायत जुनसुकै प्रकारको लगती करहरु तिर्न बाँकी रहेका करदाताहरुको लागि संवत् २०८२ साउन मसान्त भित्र कर तिरेमा बक्यौता रकममा जरिवाना छुट हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित समयसीमा पश्चात् कर तिरेमा साविक बमोजिम नै जरिवाना लाग्नेछ।

२७. **बाधा अड्काउ फुकाउ** : (१) यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा उक्त बाधा अड्काउ फुकाउको अधिकार नगर प्रमुखमा रहनेछ। त्यस्तो बाधा अड्काउ फुकाउको विषय कार्यपालिका मार्फत नगर सभामा पेसहुनेछ। नगर सभाले पारित गरेपछि त्यस्तो संशोधन लागू हुनेछ।

## अनुसूची-१
(ऐनको दफा २ सँग सम्बन्धित)

**सम्पत्ति करको दर**

| क्र.सं. | मूल्याङ्कित सम्पत्ति विवरण | निर्धारित सम्पत्तिकर | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | रु. २० लाख सम्म | रु. २० प्रति लाख | ०.०२ प्रतिशत | |
| २. | रु. ४० लाख सम्म | रु. २५ प्रति लाख | ०.०२५ प्रतिशत | |
| ३. | रु. १ करोड सम्म | रु. ३० प्रति लाख | ०.०३ प्रतिशत | |
| ४. | रु. ५ करोड सम्म | रु. ३५ प्रति लाख | ०.०३५ प्रतिशत | |
| ५. | रु. ५ करोड १ देखि  माथि जति भए पनि प्रति हजार ७० पैसा थप सम्पत्तिकर लाग्नेछ। | | ०.०७ प्रतिशत | |

**नोटः**

१) मुल्याङ्कन रकमलाई रु. लाखमा (राउण्ड फिगर) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

२) सम्पत्तिकरमा अन्य सेवा शुल्क लाग्नेछ।

क) सम्पत्तिकर रु.५००।- सम्म तिर्नेलाई तिरेको रकममा १५ प्रतिशत लाग्नेछ।

ख) सम्पत्तिकर रु.५०१ देखि  माथि रु.२,०००।- सम्म तिर्नेलाई तिरेको रकममा १० प्रतिशत लाग्नेछ।

ग) सम्पत्तिकर रु.२,००१।- भन्दा माथि तिर्नेलाई तिरेको रकममा ५ प्रतिशत लाग्नेछ।

**अनुसूची-२**

(ऐनको दफा २ सँग सम्बन्धित)

**<u>संरचनाको मूल्याङ्कन दर</u>**

| **क्षेत्र** | **संरचना प्रति वर्ग फिट रु.** | | | | | |
|---|---|---|---|---|---|---|
| | आर.सि.सि. फ्रेम स्ट्रक्चर | | सिमेण्ट जोडाइमा ईँट्टा वा ढुङ्गाको गारो-आर.सि.सि. छाना | | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो आर.सि.सि. वा सिमेण्ट जोडाईमा ईँट्टा वा ढुङ्गाको गारो- जस्ता टायलको छाना, सिमेन्ट बोर्ड प्रयोग भएका र फलाम प्रयोग गरी निर्मित संरचना | |
| | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोबास |
| क | २,२०० | १,६०० | १,६०० | १,१०० | १००० | ५०० |

## अनुसूची-३

(ऐनको दफा २ सँग सम्बन्धित)

**संरचनाको ह्रास कट्टी दर**

| *संरचनाको किसिम→* <br> *संरचनाको आयु↓* | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाईट्टा वा ढुङ्गाको गारो-आर.सि.सि. छाना | माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो-आर.सि.सि. वा सिमेण्ट जोडाईमा ईट्टा वा ढुङ्गाको गारो-जस्ता/ टायलको छाना | माटोको जोडाईमा ईट्टा वा ढुङ्गाको गारो-जस्ता/ टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| **१-३ वर्ष** | ६ | ९ | १२ | १५ | २० |
| **३-६ वर्ष** | १२ | १८ | २४ | ३० | ४० |
| **६-९ वर्ष** | १८ | २७ | ३६ | ४५ | ६० |
| **९-१२ वर्ष** | २४ | ३६ | ४८ | ६० | ८० |
| **१२-१५ वर्ष** | ३० | ४५ | ६० | ७५ | ९० |
| **१५-१८ वर्ष** | ३६ | ५४ | ७२ | ९० | ९० |
| **१८-२१ बर्ष** | ४२ | ६३ | ८४ | ९० | ९० |
| **२१-२४ वर्ष** | ४८ | ७२ | ९० | ९० | ९० |
| **२४-२७ वर्ष** | ५४ | ८१ | ९० | ९० | ९० |
| **२७-३० वर्ष** | ६० | ९० | ९० | ९० | ९० |
| **३०-३३ वर्ष** | ६६ | ९० | ९० | ९० | ९० |

| *संरचनाको किसिम→*<br>*संरचनाको आयु↓* | आर.सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमाईँट्टा वा ढुङ्गाको गारो-आर.सि.सि. छाना | माटोको जोडाईमा ईँट्टा वा ढुङ्गाको गारो-आर.सि.सि. वा सिमेण्ट जोडाईमा ईँट्टा वा ढुङ्गाको गारो-जस्ता/ टायलको छाना | माटोको जोडाईमा ईँट्टा वा ढुङ्गाको गारो-जस्ता/ टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| ३३-३६ वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६-४० वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०-४३ वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३-४६ वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ वर्ष भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

**अनुसूची-४**

(ऐनको दफा २ सँग सम्बन्धित)

**<u>जग्गाको न्यूनतम मूल्याङ्कन दर</u>**

**<u>वडा नं. १</u>**

| क.स. | जग्गाको विवरण | मूल्याङ्कन रकम प्रति रोपनी रू. |
|---|---|---|
| १ | गमगढी बजार कालिका मालिका मन्दिर देखि महाकाली स्कुल सम्म | ५०० |
| २ | कृष्ण चोक देखि न्यूरोड हुदै रेडक्रससम्म | ५०० |
| ३ | रेडक्रस बसपार्क हुदै श्रीनगर गाउँ सम्म | ३०० |
| ४ | रेडक्रस हुदै नगरपालिका भवन सम्म | ५०० |
| ५ | बसपार्क हुदै कर्णाली बेलिब्रिजसम्म र घाट बस्ति सम्म | २०० |
| ६ | अन्य ठाउँमा | १५० |
| | वडा नं. २ | |
| **क.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | कालिका मालिका मन्दिर अदालत चोक हुदै शितल बजार सम्म | ५०० |
| २ | अदालत चोक देखि बागबजार सम्म | ५०० |
| ३ | अदालत चोक देखि थापा बोर्डिङ सम्म | ५०० |
| ४ | नगरपालिका भवन देखि चैन गाउँ सम्म | ३०० |
| ५ | शितल बजार देखि तलितुमा सम्म सडक | ३०० |
| ६ | उद्योग बाणिज्य संघ भवन देखि वन कार्यालय माथि चोक सम्म | ५०० |
| ७ | अन्य स्थान | १५० |
| | वडा नं. ३ | |
| **क.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | तलितुमा हुदै लामाचौर सम्म | २५० |
| २ | तलितुमा (गमगढी ताल्च सडक खण्ड) | ३०० |
| ३ | अन्य स्थान | १५० |
| | वडा नं. ४ | |
| **क.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | चौतारा देखि डाँडा जीउला सम्म | ३०० |
| २ | डाँडा जिउला देखि बालै सम्म | २५० |
| ३ | गमगढी ताल्च सडक खण्ड | ३०० |
| | | |

| वडा नं. ५ | | |
|---|---|---|
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | गमगढी ताल्च सडक खण्ड | ३०० |
| २ | बाग बजार हुदै रारा बहुमुखी क्याम्पस सम्म | ३०० |
| ३ | रारा बहुमुखी क्याम्पस देखि कार्कीवाडा हुदै ढुम गाउँ सम्म | २५० |
| ४ | कारागार हुदै सुपाकोट मैतु सम्म | २५० |
| ५ | अन्य | १५० |
| वडा नं. ६ | | |
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | बालै देखि कोटिला हुदै मन्दु सम्म | २५० |
| २ | बालै देखि रन्जन बालै हुदै लिउडी सम्म | २५० |
| ३ | अन्य स्थान | १५० |
| वडा नं. ७ | | |
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | बालै पिना सडक | २५० |
| २ | कर्णाली राजमार्ग | २५० |
| ३ | अन्य | १५० |
| वडा नं. ८ | | |
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | कर्णाली राजमार्ग | २५० |
| २ | ढोटु हुदै चुगा सम्म | १५० |
| ३ | कर्णाली राजमार्ग देखि झ्यारी गाउँ सम्म | २०० |
| ४ | ताल्च देखि सल्लेरी सम्म | ३०० |
| ५ | अन्य | १५० |
| वडा नं. ९ | | |
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | मुर्मा | १५०१ |
| वडा नं. १० | | |
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | घाट देखि वडा नं १० का बस्तीहरुमा निर्माण भएका सडक | २०० |
| २ | अन्य | १५० |
| | | |

| वडा नं. ११ | | |
|---|---|---|
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | रोवा खोला देखि रेङ्च्याकाटी गाउँ सम्म | २०० |
| २ | अन्य | १५० |

| वडा नं. १२ | | |
|---|---|---|
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | गमगढी नाम्चे लाग्ना सडक खण्ड | २०० |
| २ | लुम्स बगर देखि शोभा गाउँ सम्म सडक | १५० |
| ३ | अन्य | १५० |

| वडा नं. १३ | | |
|---|---|---|
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| १ | कर्णाली बेलिब्रिज देखि रुगा गाउँ हुदै थार्प तिर्प लह लापु | २०० |
| २ | रुगा गाउँ देखि लुम गाउँ सम्म | २०० |
| ३ | अन्य | १५० |

| वडा नं. १४ | | |
|---|---|---|
| **क्र.स.** | **जग्गाको विवरण** | **मूल्याङ्कन रकम प्रति रोपनी रू.** |
| | लुमा गाउँ देखि चंखेली सम्म | २०० |
| | बाम नाफा बजार क्षेत्र | २५० |
| | अन्य | १५० |

**अनुसूची-५**

(ऐनको दफा ३ सँग सम्बन्धित)

**भूमिकरको दर**

| **मालपोत कर (प्रति बर्ग मिटर)** | **रकम रु.मा** |
|---|---|
| खेत (प्रति वर्गमिटर) | रु ०.१/ |
| पाखो र **पांचौ तह** (प्रति वर्ग मिटर) | रु. ०.०८/- |
| **भूमिकर (प्रति बर्ग मिटर)** | |
| क. गमगढी बजार हाइ स्कुल देखि रारा एफ एफ सम्मका घडेरी | रु. २.५/- |
| ख. रेडक्रस देखि कृष्ण मन्दिर सम्म घडेरी | रु.२/- |
| ग. रेडक्रस देखि सेती वाडा सम्म घडेरी | रु.०.५/- |
| घ. सेती वाडा देखि बालै सम्म घडेरी | रु.०.५/- |
| ङ. कृष्ण मन्दिर देखि ताल्चा सम्म घडेरी | रु.१/- |
| च. न्यु रोड देखि होस्पिटल सम्म घडेरी | रु. १/- |
| छ अन्य स्थानमा घडेरी | रु ०.५ |

<u>नोट</u>ः

१) भूमिकरमा अन्य सेवा शुल्क लाग्नेछ।

क) भूमिकर रु.५००।- सम्म तिर्नेलाई तिरेको रकममा १५ प्रतिशत लाग्नेछ।

ख) भूमिकर रु.५०१ देखि माथि रु.२,०००।- सम्म तिर्नेलाई तिरेको रकममा १० प्रतिशत लाग्नेछ।

ग) भूमिकर रु.२,००१।- भन्दा माथि तिर्नेलाई तिरेको रकममा ५ प्रतिशत लाग्नेछ।

## अनुसूची-६

(ऐनको दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**घर जग्गा बहाल करको दर**

| क्र.स. | राजश्वको क्षेत्रहरु | एकाई | करको दर |
|---|---|---|---|
| १ | छायाँनाथ रारा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति/संस्था/फर्मले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बहाल रकमको | बार्षिक | १० प्रतिशत |
| २ | वैदेशिक अध्ययन तथा रोजगारीमा जाने विद्यार्थीहरुको लागि मात्र | बार्षिक | ५ प्रतिशत |

## अनुसूची-७

(ऐनको दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**ब्यबसाय करको दर**

| क्र.सं. | व्यवसायको किसिम | व्यवसाय कर रु | कैफियत |
|---|---|---|---|
| १ | *पेट्रोलियम पदार्थ* | | |
| १.१ | पेट्रोल पम्प | २०,००० | |
| १.२ | पेट्रोलियम पदार्थ (पेट्रोल मात्र) | १०,००० | |
| १.३ | पेट्रोलियम पदार्थ (डिजेल मात्र) | १०,००० | |
| १.४ | मट्टितेल मात्र | ३,००० | |
| १.५ | खाना पकाउने र टेम्पोमा प्रयोग हुने ग्यासको डिपो | ३,००० | |
| २ | *पन्छी पालन फर्म* | | |
| २.१ | **व्याइलर, लेयर्स , गिरीराज, लोकल कुखुरा पालन तथा अण्डा उत्पादन समेत** | | |
| २.१.१ | १ देखि ५०० वटा सम्म कुखुरा पालन गर्ने | ५,०० | |
| २.१.२ | ५०१ देखि १००० वटा सम्म कुखुरा पालन गर्ने | १,००० | |
| २.१.३ | १००१ देखि २००० वटा सम्म कुखुरा पालन गर्ने | १,५०० | |
| २.१.४ | २००१ देखि ५००० वटा सम्म कुखुरा पालन गर्ने | २,५०० | |
| २.१.५ | ५००१ वटा देखि माथि | ५,००० | |
| २.२ | **बट्टाई, टर्की, कालिज पालन फर्म** | | |
| २.२.१ | १ देखि वटा १००० सम्म पालन गर्ने फर्म | १,००० | |
| २.२.२ | १००१ वटा देखि माथि पालन गर्ने फर्म | २,००० | |
| २.३ | **प्यारेन्ट ह्याचरी ( अण्डा र चल्ला उत्पादन )** | | |
| २.३.१ | १ देखि २००० वटा सम्म उत्पादन क्षमता भएका | २,००० | |
| २.३.२ | २००१ देखि ५००० वटा सम्म उत्पादन क्षमता भएका | ५,००० | |
| २.३.३ | ५००१ वटा देखि माथि उत्पादन क्षमता भएका | १०,००० | |
| ३ | *ह्याचरी उद्योग मात्र (चल्ला मात्र उत्पादन)* | | |
| ३.१ | ५०,००० वटा सम्म चल्ला उत्पादन क्षमता भएका | २,००० | |
| ३.२ | ५०,००० वटा भन्दा माथि चल्ला उत्पादन क्षमता भएका | ५,००० | |
| ४ | *ग्रेन प्यारेन्ट फर्म (GP फर्म)/हयाचरी* | *१,५०,०००* | |
| ५ | *ठुलो /ह्याचरी समेत भएको पोल्ट्री फर्म (वातावरण संरक्षण शुल्क समेत)* | *२,५०,०००* | |
| ५.१ | दाना उत्पादन तथा विक्री | ३,००० | |
| ५.२ | दाना, चल्ला सप्लायर्स | ३,००० | |

| | | | |
|---|---|---|---|
| ६ | *पशुपालन फर्म* | | |
| ६.१ | **बाख्रा पालन फर्म** | | |
| ६.१.१ | १ देखि २० वटा सम्म पालन गर्ने | १,००० | |
| ६.१.२ | २१ वटा भन्दा माथि पालन गर्ने | २,००० | |
| ६.२ | **बङ्गुर पालन फर्म** | | |
| ६.२.१ | १ देखि १० वटा सम्म पालन गर्ने | १,००० | |
| ६.२.२ | ११ देखि ५० वटा सम्म पालन गर्ने | ३,००० | |
| ६.२.३ | ५१ वटा भन्दा माथि पालन गर्ने | ५,००० | |
| ७ | ***गाई तथा भैंसी पालन फर्म*** | | |
| ७.१ | १ देखि १० वटा सम्म पालन गर्ने | १,००० | |
| ७.२ | ११ देखि ५० वटा सम्म पालन गर्ने | ३,००० | |
| ७.३ | ५१ वटा भन्दा माथि पालन गर्ने | ५,००० | |
| ८ | ***मौरी पालन फर्म*** | ***२,०००*** | |
| ९ | ***माछा पालन व्यवसाय*** | ***१,०००*** | |
| १० | ***कृषि फर्म, नर्सरी*** | | |
| १०.१ | कृषि फर्म (टनेल खेतीको लागि मात्र) | 500 | |
| १०.२ | फूल र विरुवा विक्रेता | ५०० | |
| १०.३ | कृषि नर्सरी | ५०० | |
| १०.४ | सबै किसिमको नर्सरी | १,००० | |
| १०.५ | पुष्प खेती | ७,००० | |
| १०.६ | फलफूल खेती | ७,००० | |
| १०.७ | **कृषि, पशुपालन, मत्स्य पालन, वन आदी संयुक्त** | | |
| १०.७.१ | रु. १ देखि २० लाख सम्म कुल पूँजी भएको | २,००० | |
| १०.७.२ | रु.२० लाख १ देखि ५० लाख सम्म कुल पूँजी भएको | ५,००० | |
| १०.७.३ | रु.५० लाख १ देखि माथि कुल पूँजी भएको | ७,५०० | |
| ११ | *होटल र रिसोर्ट* | | |
| ११.१ | **गमगढी बजार र सल्लेरीमा रहेको** | | |
| ११.१.१ | "क"वर्गको होटेल र रिसोर्टको लागि | ५०,००० | |
| ११.१.२ | "ख"वर्गको होटेल र रिसोर्टको लागि | ३०,००० | |
| ११.१.३ | "ग"वर्गको होटेल र रिसोर्टको लागि | १०,००० | |
| ११.२ | **नगरपालिकाको अन्य स्थानमा रहेको** | | |
| ११.२.१ | "क"वर्गको होटेल र रिसोर्टको लागि | १५,००० | |
| ११.२.२ | "ख"वर्गको होटेल र रिसोर्टको लागि | १०,००० | |
| ११.२.३ | "ग"वर्गको होटेल र रिसोर्टको लागि | ५,००० | |

| | | | |
|---|---|---|---|
| १२ | *सेवा उद्योग* | | |
| १२.१ | प्रिन्टिङ प्रेश/छापाखाना | ३,००० | |
| १२.२ | चलचित्र व्यवसाय | १०,००० | |
| १२.३ | सार्वजनिक परिवहन व्यवसाय | १,००० | |
| १२.४ | निजी प्रयोगशाला | १,००० | |
| १२.५ | शित भण्डार | १५,००० | |
| १२.६ | लागु औषध, दुर्व्यसन सम्बन्धी सुधार केन्द्र | २,००० | |
| १२.७ | लेखापढी व्यवसाय | १,००० | |
| १३ | *दुग्धजन्य सङ्कलक/बिक्रेता* | | |
| १३.१ | दुध सङ्कलन केन्द्र (घाँसीबाट दुध सङ्कलन) | १,५०० | |
| १३.२ | डेरी उद्योग | १०,००० | |
| १३.३ | दुध **सङ्कल** तथा प्याकेजिङ्ग | २०,००० | |
| १४ | *भाषा प्रशिक्षण, ट्युशन तथा कम्प्यूटर इन्स्टिच्यूट* | | |
| १४.१ | भाषा प्रशिक्षण | ४,००० | |
| १४.२ | कम्प्यूटर इन्स्टिच्यूट | ३,००० | |
| १४.३ | *ट्युशन* कक्षा सञ्चालन | २,००० | |
| १५ | *इँट्टा उद्योग* | | |
| १५.१ | निजी घर निर्माणको लागी एक पटकमा ४०,००० सम्म **इँट्टा** पाक्ने सानो चिम्नी | ५,००० | |
| १५.२ | इलेक्ट्रिक प्रविधिबाट ईट्टा उत्पादन गर्ने उद्योग | २,००,००० | |
| १५.३ | इलेक्ट्रिक बाहेक सवै किसिमका इँट्टा उत्पादन गर्ने उद्योगहरु (प्रदुषण नियन्त्रण शुल्क समेत) | ७,००,००० | |
| १६ | *प्लाइ कारखाना* | | |
| १६.१ | प्लाइ कारखाना (वाताबरण शुल्क र व्यवसाय) | ५,००,००० | |
| १७ | *वित्तीय सेवा* | | |
| १७.१ | नेपाल सरकारको पूर्ण स्वामित्त्वमा रहेका वाहेकका आर्थिक कारोवार गर्ने वाणिज्य वैकहरु ("क"वर्गको बैङ्कहरु) | २५,००० | |
| १७.२ | "ख"वर्गको विकास बैंङ्कहरु | २०,००० | |
| १७.३ | आर्थिक कारोवार समेत गर्ने लघु वित्त/वित्तीय कम्पनीका मुख्य कार्यालय | १५,००० | |
| १७.४ | लघु वित्त/वित्तीय कम्पनीका शाखा कार्यालय | १०,००० | |
| १७.५ | वीमा कम्पनी | १०,००० | |
| १७.६ | सहकारी बैङ्क | ५,००० | |
| १७.७ | **वचत तथा ऋण र वहुउद्देश्यीय सहकारी संस्था** | | |

| | | | |
|---|---|---|---|
| १७.७.१ | रु.२०,००,००० सम्म कुल पूँजी भएका | २,००० | |
| १७.७.२ | रु.५०,००,००० सम्म कुल पूँजी भएका | ३,००० | |
| १७.७.३ | रु. १,००,००,००० सम्म कुल पूँजी भएका | ५,००० | |
| १७.७.४ | रु.५,००,००,०००सम्म कुल पूँजी भएका | ८,००० | |
| १७.७.५ | रु.५,००,००,०००भन्दा माथि कुल पूँजी भएको | १५,००० | |
| १७.८ | **कृषि सहकारी** | | |
| १७.८.१ | रु.२०,००,००० सम्म कुल पूँजी भएका | १,००० | |
| १७.८.२ | रु.५०,००,००० सम्म कुल पूँजी भएका | २,००० | |
| १७.८.३ | रु. १,००,००,००० सम्म कुल पूँजी भएका | ४,००० | |
| १७.८.४ | रु.५,००,००,०००सम्म कुल पूँजी भएका | ७,००० | |
| १७.८.५ | रु.५,००,००,०००भन्दा माथि कुल पूँजी भएको | १३,००० | |
| १७.९ | **अन्य पालिकाबाट शाखा कार्यालय/सेवा केन्द्र सञ्चालन अनुमति शुल्क (पहिलो पटक) तथा अन्य वर्ष कुल पूँजीको आधारमा लाग्ने)** | १०,००० | |
| *१८* | ***स्वास्थ्य सेवा*** | | |
| १८.१ | गैरसरकारी अस्पताल/पोलिक्लिनिक | २५,००० | |
| १८.२ | नर्सिङ्ग होम | २०,००० | |
| १८.३ | क्लिनिक | १०,००० | |
| १८.४ | ल्याव | १०,००० | |
| १८.५ | फार्मेसी/मेडिकल | १०,००० | |
| १८.६ | कविराज/आयुर्वेदिक | १,००० | |
| १८.७ | दन्त चिकित्सक/डेन्टल क्लिनिक | २,००० | |
| १८.८ | स्वीकृत चिकित्सक | २,००० | |
| १८.९ | चस्मा पसल | २,००० | |
| *१९* | ***शिक्षा सेवा*** | | |
| १९.१ | निजि क्षेत्रका शैक्षिक संस्था | | |
| १९.१.१ | ***मन्टेश्वरी वा शिशुस्याहार केन्द्र*** | ३,००० | |
| १९.१.२ | आधारभूत शिक्षा सम्म | ५,००० | |
| १९.१.३ | माध्यमिक तहसम्म | १०,००० | |
| १९.१.४ | निजि क्षेत्रका क्याम्पस र विश्वविद्यालय | १५,००० | |
| १९.१.५ | तालिम तथा अनुसन्धान केन्द्र | २,००० | |
